# स्थानीय राजपत्र

<table>
<tr><td colspan="3">सूर्यगढी गाउँपालिका, चोकदे, नुवाकोटद्वारा प्रकाशित</td></tr>
<tr><td>खण्ड ११</td><td>संख्या १</td><td>मितिः २०८३/०२/०१</td></tr>
<tr><td colspan="3">भाग २<br>सूर्यगढी गाउँपालिका<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।<br>कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०१/३१</td></tr>
<tr><td colspan="3">सम्वत् २०८३ सालको कार्यविधि संख्या ३</td></tr>
</table>

# पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावनाः**

सूर्यगढी गाउँपालिका भित्रका पशु सेवाको पहुँचबाट टाढा रहेका कृषकहरूको घरदैलोमा पुगी गुणस्तरीय पशु स्वास्थ्य सेवा उपलब्ध गराई पशुपन्छीमा लाग्ने संक्रामक तथा असक्रामक रोगहरूको निदान, उपचार र नियन्त्रण गरी पशुजन्य उत्पादनमा वृद्धि गर्न र भेटेरिनरी जनस्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस कार्यविधिको नाम "पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"गाउँपालिका"** भन्नाले सूर्यगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चोकदे नुवाकोटलाई सम्झनु पर्दछ।

ख) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सूर्यगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ग) **"प्राविधिक कर्मचारी"** भन्नाले शिविर सञ्चालनका लागि खटिने गाउँपालिका तथा अन्य निकायमा पशु सेवा शाखामा कार्यरत प्राविधिक कर्मचारीहरूलाई सम्झनु पर्दछ।

घ) **"वडा कार्यालय"** भन्नाले सूर्यगढी गाउँपालिका अन्तरगतको वडा कार्यालय सम्झनु पर्दछ।

ङ) **"शाखा"** भन्नाले गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्दछ ।

च) **"शिविर"** भन्नाले गाउँपालिका वा वडा स्तरमा सञ्चालन गरिने एक दिने वा बहुदिने घुम्ती पशु स्वास्थ्य शिविर सम्झनु पर्दछ।

३. <u>कार्यक्रमको उद्देश्यः</u>

(१) पशु सेवा केन्द्रको पहुँचबाट टाढा रहेका र सेवाबाट वञ्चित भौगोलिक क्षेत्रमा पशु स्वास्थ्य सेवा पुऱ्याउनु।

(२) पशुपन्छीमा लाग्ने आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण गर्नु तथा बाँझोपन निवारणमा सहयोग गर्नु।

(३) पशुपन्छीबाट मानिसमा सर्ने रोग (Zoonotic Diseases) बारे जनचेतना फैलाउनु।

## परिच्छेद - २
## शिविर व्यवस्थापन तथा स्थान छनौट

४. **<u>शिविर व्यवस्थापन समितिः</u>** शिविरलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहाय बमोजिमको एक "शिविर व्यवस्थापन समिति" गठन गर्न सकिनेछः

क) सम्बन्धित वडाको वडा अध्यक्षः संयोजक

ख) स्थानीय अगुवा कृषक / सहकारी प्रतिनिधि (१ जना): सदस्य

ग) सम्बन्धित वडाका पशु प्राविधिक/वडा सचिव (१ जना): सदस्य

घ) पशु विकास शाखा प्रमुख: सदस्य सचिव

५. **<u>स्थान छनौटको आधारः</u>** शिविर सञ्चालन गर्ने स्थानको छनौट गर्दा देहायका आधारहरूलाई प्राथमिकता दिइनेछः

क) पशु विकास शाखा वा पशु सेवा केन्द्रको पहुँचबाट टाढा रहेको भौगोलिक क्षेत्र।

ख) व्यावसायिक पशुपालन धेरै भएको तर प्राविधिक सेवा नपुगेको क्षेत्र।

ग) पशुपन्छीमा आकस्मिक रोग वा महामारीको प्रकोप देखिएको क्षेत्र।

घ) वडा कार्यालय वा कृषक समूहबाट लिखित माग भई आएको स्थान।

६. **<u>पूर्व तयारी तथा प्रचारप्रसारः</u>**

(१) शिविर सञ्चालन हुनु भन्दा कम्तीमा ७ दिन अगाडि पशु विकास शाखा वा पशु सेवा केन्द्र वा सम्बन्धित वडा कार्यालय मार्फत सूचना प्रकाशन तथा प्रवाह गर्नु पर्नेछ।

(२) शिविर स्थलमा आवश्यक टेन्ट, फर्निचर, खानेपानी जस्ता आवश्यक अन्य सामग्रीको व्यवस्थापन पशु विकास शाखाले सम्बन्धित वडासँगको समन्वयमा गर्नु पर्नेछ।

## परिच्छेद - ३
## प्राविधिक पक्ष तथा सेवा प्रवाह

७. **<u>प्राविधिक कर्मचारी तथा जनशक्ति व्यवस्थापनः</u>**

(१) शिविर सञ्चालनका लागि पशु विकास शाखा प्रमुखको संयोजकत्वमा आवश्यक संख्यामा प्राविधिक कर्मचारी खटाइनेछ।

(२) आवश्यकता अनुसार निजी वा अन्य निकायका पशु चिकित्सक/विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ।

८. **<u>शिविरमा उपलब्ध हुने सेवाहरूः</u>** शिविरमा देहाय बमोजिमका सेवाहरू शः शुल्क/निःशुल्क रूपमा उपलब्ध गराइनेछः

क) पशुपन्छीको सामान्य स्वास्थ्य परीक्षण

ख) गोबर परीक्षण (Fecal Test)तथा परजीवी नियन्त्रण

ग) पशु बन्ध्याकरण तथा सामान्य शल्यक्रिया

घ) औषधी वितरण (एन्टिबायोटिक, प्रोबायोटिक, भिटामिन, जुकाको औषधी आदि)

ङ) गर्भ परीक्षण सेवा

च) पशु व्यवस्थापन सम्बन्धी परामर्श सेवा आदि

**९. <u>औषधी तथा जिन्सी व्यवस्थापनः</u>**

(१) खरिद गरिएको औषधीको दाखिला प्रतिवेदन भरी जिन्सी खातामा आम्दानी बाँध्नु पर्नेछ।

(२) शिविर सम्पन्न भएपछि बाँकी रहेका औषधीहरू पुनः शाखाको स्टोरमा फिर्ता गरि नियमित सेवामा खपत गर्दा अनुसूची २ बमोजिम अभिलेख राखि गर्नु पर्नेछ।

**१०. <u>जैविक सुरक्षा तथा फोहोर व्यवस्थापनः</u>**

(१) शिविर सञ्चालन गर्दा निस्कने फोहोर (जस्तैः सिरिन्ज, निडिल, रगत लतपतिएका कटन, सिसाका बोतल) को उचित विसर्जन गर्नु पर्नेछ।

(२) प्रयोग भएका निडिल र सिरिन्जलाई सुरक्षित बट्टामा राखी व्यवस्थापन गर्ने व्यवस्था आयोजक स्वयमले मिलाउनु पर्नेछ।

## परिच्छेद - ४
## आर्थिक व्यवस्थापन तथा खरिद प्रक्रिया

**११. <u>बजेट तथा खर्चः</u>**

(१) यो कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाको वार्षिक स्वीकृत नीति तथा कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रही खर्च गरिनेछ।

(२) खर्च शीर्षकहरूमा औषधी खरिद, प्रचारप्रसार, स्टेशनरी, खाजा/खाना र यातायात/ढुवानी, दैनिक तथा भ्रमण खर्च समावेश हुनेछन्।

**१२. <u>खरिद प्रक्रियाः</u>**

(१) शिविर सञ्चालनका लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामग्रीहरू सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गरिनेछ।

**१३. <u>सेवा सुविधाः</u>**

(१) शिविरमा खटिने आमन्त्रित पशु चिकित्सक तथा विज्ञ साथै स्थानीय तहका चिकित्सक, कर्मचारी तथा प्राविधिकहरूलाई समेत गाउँपालिकाको प्रचलित आर्थिक ऐन वा भ्रमण खर्च नियमावली बमोजिम दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ।

(२) शिविर सञ्चालनको दिन खाजा / खाना /पानी / ढुवानी खर्च स्विकृत प्रश्तावनाको आधारमा विनियोजित बजेटको अधिनमा रहि बिल भरपाईको आधारमा भुक्तानी दिइनेछ।

## परिच्छेद - ५
## अभिलेख र अनुगमन

१४. **<u>अभिलेख राख्नुपर्ने:</u>** शिविर स्थलमा 'दर्ता डेक्स' राखी देहायका विवरण अनुसूची-१ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछः

(क) कृषकको नाम, ठेगाना र सम्पर्क नम्बर

(ख) ल्याइएको पशुको विवरण (जात, उमेर आदि)

(ग) रोगको लक्षण र निदान

(घ) वितरण गरिएको औषधीको नाम र परिमाण

१५. **<u>अनुगमन तथा प्रतिवेदनः</u>**

(१) शिविरको अनुगमन गाउँपालिकाका उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछन्।

(२) शिविर सम्पन्न भएको ३५ दिन भित्र सम्बन्धित शाखा प्रमुखले खर्चको बिल भरपाई र कार्यसम्पन्न प्रतिवेदन सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी पेश्की फस्योैट वा भुक्तानी लिनु पर्नेछ।

## परिच्छेद - ६
## विविध

१६. **<u>दायित्व र क्षतिपूर्ति :</u>**(१) शिविरमा प्राविधिक टोलीले सावधानीपूर्वक उपचार गर्दागर्दै कुनै पशुको कालगतिले वा रोगको जटिलताले मृत्यु भएमा सोको क्षतिपूर्ति गाउँपालिका वा प्राविधिक कर्मचारीले बेहोर्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पशु बीमा गरेको पशुको हकमा सिफारिस गर्न सकिनेछ।

१७. **<u>बाधा अड्काउ फुकाउ :</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवस्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१८. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** (१) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) यस कार्यविधिको व्यवस्था अन्य नेपाल कानूनसँग बाझिएमा त्यस्तो बाझिएको हदसम्म प्रचलित नेपाल कानूनमा भएको व्यवस्था लागू हुनेछ ।

## अनुसूची - १

(दफा १४ सँग सम्बन्धित)

### पशु स्वास्थ्य शिविरको विस्तृत अभिलेख फारम (OPD Register)

मितिः .................. स्थानः ..................

| क्र. सं. | कृषकको नाम | ठेगाना | पशुको प्रकार र सङ्ख्या | रोगको लक्षण/ निदान | वितरण गरिएको औषधी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सूर्योदय गाउँपालिका

## अनुसूची - २

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

### औषधी खपत विवरण फारम

| क्र.सं. | औषधीको नाम | जिन्सी खाताबाट झिकेको परिमाण | शिविरमा वितरण भएको परिमाण | बाँकी रहेको परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले,

शैलेश किरण राई चाम्लिङ

प्रमुख प्रशासकीय अधिकृत